संघीय संसद

# प्रतिनिधि सभा, २०७९

दोश्रो अधिवेशन

बैठक संख्या - ३१

## दैनिक कार्यसूची

२०८० असार ६ गते, बुधबार

बिहान ११:०० बजे

**शोक प्रस्ताव**

सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

"प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेसको तर्फबाट वि.सं. २०७९ सालमा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं. १ (क) बाट सुदूरपश्चिम प्रदेश सभा निर्वाचनमा निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका, ग्रामिण विकासमा उल्लेखनीय योगदान पुऱ्याउनु भएका सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी उपचारको क्रममा २०८० असार ५ गते मंगलबार ६५ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

डा. भरतराज गौतम

संघीय संसदको महासचिव